श्री ..................................................टोल विकास संस्थाको विधान,२०७९

**प्रस्तावना**

स्थानिय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक अवस्थालाई एक अर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्युनीकरणका प्रयासमा ठोस योगदान पु-याउने सहभागीतात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्न यो ..........................................टोल विकास संस्था स्थापना गरी संचालन गर्न बाञ्छनिय भएकोले यो विधान बनाइएको छ ।

१. **प्रारम्भिक, सक्षिप्त नाम र प्रारम्भः**

(क) यो विधान....................................टोल बिकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ..................................................हुनेछ ।

(ग) यो विधान............................................टोल विकास संस्थाको साधारणसभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(ङ) यस संस्थाको कार्यालय ............................................हुनेछ ।

(च) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ ।

पूर्व.....................................पश्चिम...............................

उत्तर................................दक्षिण.................................

२. **परिभाषाः** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा-

**(क) संस्था,** भन्नाले ......................................टोल विकास संस्थालाई सम्झनुपर्दछ ।

**(ख) विधान,** भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्दछ।

**(ग) साधारणसभा,** भन्नाले संस्थाको साधारणसदस्यहरुको भेला सम्झनुपर्दछ ।

**(घ) समिति,** भन्नाले टोल विकास संस्थाको कार्यसमितिलाई सम्झनुपर्दछ ।

**(ङ) बैठक,** भन्नाले संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्दछ ।

**(च) पदाधिकारी,** भन्नाले कार्यसमिति अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ ।

३. **संगठित संस्था हुनेः (१)** संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । साथै संस्थाले ब्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(२) संस्थाले चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति विक्री गर्न भने पाउने छैन । संस्था विघटन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण गर्नुपर्दछ ।

४. **संस्थाका उद्देश्यहरुः** संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमका उद्देश्यहरु हुनेछन् ।

क. टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने,

ख. टोलका ब्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रम संचालन गरी गरिवी न्युनीकरणमा मद्दत पुर्याउने,

ग. स्थानिय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानिय स्तरको समुदायको ब्यक्तिहरुको क्षमता कार्यक्रम कार्यान्वयनमा टेवा पुरयाउने,

घ. संस्थालाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रक्रियमा सक्रिय सहभागी बनाउने ।

५. **टोल बिकास कार्यसमितिको गठनः** टोल विकास कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिका भित्रका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको कार्य समिति गठन गरिनेछ ।

(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको बृहद भेलाबाट अध्यक्ष, उपाध्य, कोषाध्यक्ष, सचिव र आबश्यकता अनुसारका सदस्यहरु रहेको टोल विकास संस्थाको कार्यसमिति गठन हुनेछ । दोस्रो पटक देखि यस्तो कार्य समिति साधारणसभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुर्नगठन हुनेछ ।

(ग) टोल विकास संस्थाको कार्य समितिको अवधि २ बर्षको हुनेछ ।

(घ) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा बहाल रहने छैन ।

(ङ) अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै पदमा अनिवार्य रुपमा महिला हुनुपर्ने छ र कम्तिमा ४० प्रतिशत सदस्यहरु महिला हुनुपर्ने छ।

(च) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नु पर्दछ। यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ। टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तिमा ४० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

६. **संस्थाका कार्यहरुः** टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन-

(क) प्रत्येक टोल स्तरमा सम्भव भए सम्म सवै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने।

(ख) संस्थाका सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यक्रमहरु संचालन गर्ने।

(ग) टोलमा आईपरेका समस्या समाधान गर्न एक अर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने।

(घ) उपलब्ध श्रोतहरुको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने।

(ङ) एच.आइ.भी.।एड्स, अशिक्षा, अन्धविश्वास, छाउपदी प्रथा, बालविवाह, बहुविवाह, जस्ता सामाजिक समस्याका बारेमा सम्पुर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिबृद्धि गर्ने।

(च) आफ्नो टोल तथा सार्वजनिक स्थलमा बृक्षारोषण गर्ने।

(छ) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने विविध कार्यक्रमहरु संचालन गर्ने।

(ज) टोलमा बसोबास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामुलक कार्यक्रम संचालन गर्ने।

(झ) वातावरणमैत्री स्थानिय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्नेर नगरपालिकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने।

(ञ) आफ्नो टोल बस्तीलाई नमुना बस्तिको रुपमा विकास गर्न सहयोग गर्ने।

(ट) हरित शहर,उज्यालो शहर,सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने।

(ठ) आफ्नो क्षेत्रमा भवनसंहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने।

(ड) पूर्ण साक्षर, पूर्ण खोप,पूर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने।

(ढ) टोलमा रहेको सार्वजनिक,पर्ति एलानी आदि जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने।

(ण) संस्थाको अध्यक्ष, कोषाध्यक्ष,तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतद्धारा गर्ने।

(त) नगरपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने।

(थ) नगरपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

७. **सदस्यताः संस्थामा सदस्यता देहाय वमोजिम हुनेछ।**

(क) यस विधनको उद्देश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलवासी यस संस्थाको सदस्य हुनेछ।

(ख) सदस्य बन्न ईच्छुक नयाँ टोल वासिलाई संस्थाले तोकेवमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ।

८. **सदस्य नरहनेः** देहायको अवस्थामा सदस्य रहने छैन।

(क) सदस्यको मृत्यू भएमा,

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा,

तर संस्थाको निर्णय उपर चित्त नवुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ,

(क) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालना नगरेमा संस्थाले निर्णय गरि सम्पूर्ण सदस्यलाई जानकारी गराएमा,

(घ) संस्थालाई हानि नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यतावाट हटाउने निर्णय गरेमा,

तर सम्बन्धित सदस्यहरुलाई सफाई दिने अवसरवाट वञ्चित गरिनेछैन। यस सम्बन्धी अन्तिमनिर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ।

(ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा।

९. **संस्था गठन एवं कार्य सञ्चालन विधिः** संस्थाको गठन एवं कार्य सञ्चालन गर्ने विधि देहाय वमोजिमको हुनेछ।

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयवाट टोलको क्षेत्र निक्यौंल गरेपछि त्यस टोल भित्र वसोवास गर्ने अधिकांश घरधुरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य सदस्यहरु रहने गरी कार्य समिति गठन हुनेछ ।

(ग) संस्थाको कार्यकारिणीको रुपमा कार्यसमितिले कार्य गर्ने छ ।

१०. **संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

**(क) अध्यक्षको काम कर्तव्य र अधिकार**

(१) संस्थाको नियमित वैठक बोलाउने,

(२) वैठकको अध्यक्षता गरी वैठक संचालन गर्ने,

(३) वैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,

(४) छलफल हुदाँ सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने,

(५) निर्णयहरु लागु गर्ने र गर्न लगाउने,

(६) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने,

(७) आवश्यक कार्यमा सस्थाको प्रतिनिधित्व गर्ने वा गराउने

**(ख) उपाध्यक्षको काम, कर्तब्य र अधिकार**

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम, कर्तब्य र अधिकार बहन गर्ने,

(२) आवश्यकता अनुसार अध्यक्षलाई सघाउने,

**(ग) सचिवको काम कर्तव्य र अधिकारः**

(१) अध्यक्षको आदेश अनुसार वैठक वोलाउने,

(२) एकतिहाई सदस्यहरुले विशेष वैठकका लागि लिखित माग गरेमा विशेष वैठक वोलाउने,

(३) निर्णय पुस्तिकामा उपस्थिति गराउने,

(४) छलफलका प्रस्तावहरु वैठकमा पेश गर्ने र वैठकको निर्णय प्रमाणित गराउने,

(५) संस्थाको क्रियाकलापका वारेमा सदस्यलाई जानकारी गराउने,

(६) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(घ) कोषाध्यक्षको काम कर्तव्य र अधिकारः**

(१) संस्थाले गरेको आर्थिक कारोवारको लेखा परिक्षण गराउने,

(२) वैङ्कमा संयुक्त रुपमा खाता संचालन गर्ने,

(३) अन्य सदस्यहरुसंग समन्वय राखि सहयोग लिने दिने,

(४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) सदस्यहरुको काम कर्तव्य र अधिकारः**

(१) नगरपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने,

(२) संस्थाका पदाधिकारीहरुले गरेको काममा सहयोग पुऱ्याउने,

(४) संस्था संचालनका लागि आवश्यकता अनुसार नीति बनाउन सहयोग गर्ने,

(५) वैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**११. साधारण सभाको गठन र कार्य प्रणालीः** साधारण सभाको गठन र कार्य प्रणाली देहाय वमोजिम हुनेछ।

(क) संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ,

(ख) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ,

(ग) साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकारः** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) साधारण सभामा पेश भएका विषयमा सल्लाह दिने,

(ख) लेखा परिक्षक नियुक्ति गर्ने,

(ग) संस्थाको लेखापरीक्षण प्रतिवेदन पारित गर्ने,

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने,

(ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने,

(च) संस्थाको विधान आवश्यकता अनुसार संशोधन गर्ने,

(छ) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने,

(ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्थाः** (१) संस्थाको देहायवमोजिम आर्थिक स्रोत हुनेछ।

(क) सदस्यता वापत प्राप्त शुल्क,

(ख) सरकारी तथा गैरसरकारी संस्थावाट प्राप्त हुने अनुदान,

(ग) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार,

(घ) अन्य आम्दानी ।

(२) प्रत्येक असार मसान्तमा आर्थिक कारोवारको प्रतिवेदन तयार गरी लेखा परीक्षण गराई साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ।

(३) संस्थाको नाममा प्राप्त वा खरीद भएको चल-अचल सम्मत्तिको परिचालन, प्रयोग र संरक्षण गर्ने जिम्मेवारी संस्थाको हुनेछ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजीनामाः** (१) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको वैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे वमोजिम हुनेछ ।

(२) समितिका अध्यक्ष बाहेकका सदस्यहरुले आफ्नो पदवाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

**१५. अविश्वासको प्रस्तावः (१)** कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर यथोचित कारण खुलाई संस्थाका २५ प्रतिशत सदस्यहरुले निवेदन दिएमा कम्तिमा ६० प्रतिशत सदस्यहरुको उपस्थितिमा विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ ।

**(२)** अविश्वासको प्रस्ताव उपर छलफल गरी सकेसम्म सर्वसम्मत निर्णयमा जोड दिईनेछ । सर्वसम्मत हुन नसकेमा बहुमतबाट निर्णय गरिने छ ।

१६. **विविधः** (१) विधान संशोधन गर्नुपर्ने भएमा कारण खुलाई कार्य समिति मार्फत साधारण सभामा पेश गरी साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले विधान संशोधन हुनेछ । यसरी संशोधन भएको विधान नगरपालिकाबाट स्वीकृत भएपछि मात्र लागु हुने छ ।

(२) यस विधानमा उल्लेखित प्रावधानहरु प्रचलित ऐन, नियमहरुसंग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछन् ।

१७. हामी ... ..... ...... ..... संस्थाका निम्न संस्थापक ब्यक्तिहरु यस बिधान बमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षिहरुको रोहबरमा बिधानमा सहिछाप गर्दछौं ।

| क.सं | पदाधिकारी बिबरण | क.सं | साक्षिको बिबरण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |